नगर कार्यपालिकाको
बैठक संख्या:५४, २०७९-२०८४
मिति २०८१/१२/१५ को
निर्णय प्रमाणित ................

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५४, २०७९-२०८४)

मिति: २०८१ चैत्र १५ गते

निर्णयहरु:

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरुको कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. यस नगरपालिका अन्तर्गतका देहायका स्वास्थ्य संस्थाहरुका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बजेट माग गर्ने ।

(क)कोहलपुर न.पा. वडा नं. ७ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य ।

(ख)कोहलपुर न.पा. वडा नं. १५ स्थित नगर स्वास्थ्य प्रवर्द्धन केन्द्रको भवन निर्माण एवं प्रयोगशाला व्यवस्थापन ।

३. उपभोक्ता समिति मार्फत हुने यस नगरपालिका अन्तर्गतका शाखा एवं वडा तर्फका योजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समिति सँग २०८२ बैशाख मसान्तसम्म सम्झौता गर्ने । र त्यसरी सम्झौता भएका योजनाहरुको २०८२ जेष्ठ मसान्त सम्ममा कार्य सम्पन्न हुने गरी योजना कार्यान्वयन गर्ने/ गराउने ।

४. यस नगरपालिकामा रहेका देहाय बमोजिमका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क) नगर शिक्षा समितिको मिति २०८१ चैत्र १३ गतेको निर्णयहरु

ख) राजस्व परामर्श समितिको मिति २०८१ चैत्र १३ गतेको निर्णयहरु

ग) सामाजिक विकास समितिको मिति २०८१ फागुन २८ र ऐ. चैत्र १२ गतेको निर्णयहरु

घ) विपद व्यवस्थापन समितिको मिति २०८१/१२/१५ गतेको निर्णयहरु

ङ) सिकलसेल एनिमिया समितिको मिति २०८१/१२/१२ गतेको निर्णयहरु

५. यस नगरपालिकामा रहेका साधारण शिक्षा आर्जन गरेका युवाहरुलाई पेशागत सीपसँग जोडिनुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्नका लागि नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सबै सीप विकास तालिम कार्यक्रमलाई व्यवस्थित, एकिकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्ने उद्देश्यले तयार गरिएको "सिप विकास तालिम सञ्चालन कार्यबिधी, २०८१" स्वीकृत गर्ने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या:५४, २०७९-२०८४
मिति २०८१/१२/१५ को
निर्णय प्रमाणित ...............

६. यस कोहलपुर नगरपालिकामा आगामी आ.ब. २०८२/०८३ का लागि प्रदेश समपुरक अनुदान व्यवस्थापन कार्यविधि, २०७८ र विशेष अनुदान कार्यक्रम संचालन कार्यविधि, २०७६(पहिलो संशोधन, २०८०) मा व्यवस्था भए बमोजिम देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी प्रदेश सरकारमा माग गरी पठाउने ।

प्रदेश समपुरक अनुदान तर्फका योजनाः

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | रत्न राजमार्ग देखि ८ नं. वडा कार्यालय हुदैं वडा नं. ९ को सिमाना सम्म जोड्ने बाटो स्तरोन्नती | ८ | |
| २ | सितारामको घरदेखि नहर सम्म बाटो स्तरोन्नती, | ६ | |
| ३ | श्री ने.रा.आ.वि. को.न.पा. १५ चौधरीयामा चारकोठे भवन निर्माण | १५ | |

प्रदेश बिशेष अनुदान तर्फका योजनाः

| सि.नं. | योजना/ कार्यक्रमको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १ | श्री ज्ञानज्योती मा.वि. बगियामा चार कोठे भवन निर्माण | ११ | |
| २ | रत्नराजमार्ग उत्तर दिपनगर मुक्ति आधारभुत विद्यालय, मनकामना चोक हुँदै कृषि सडक बैजनाथ गा.पा. जोड्ने बाटो कालोपत्रे, कोहलपुर २ | २ | |
| ३ | ४ नं. वडा कार्यालय देखि मदनचोक हबलदारपुर सडक खण्डको रिङ्गरोडमा जोड्ने र गुज्जर टोल देखि कबेला चोक हुँदै सफल कृषि फार्मसम्म सडक स्तरोन्नति | ४ | |

७. यस नगरपालिकाको ठेक्का नं. BANKE/KOMUN/G/SQ-03/080/81 मा स्वर्गद्वारी ग्रिल उद्योगले ठेक्का पेश गर्दा धरौटी खातामा रकम जम्मा गर्नुपर्नेमा भूलवश राजस्व तर्फ जम्माकर्ता उज्जल निर्माण सेवाको तर्फबाट ग-१-१ आन्तरिक राजस्व खाता नं. ०७२०५०१०००२३५३६५ मा जम्मा भएकाले बोलपत्र जमानत वापत जम्मा गरिएको धरौटी वापतको रकम रु.५०,०००।– भैपरी आउने चालु खर्च शीर्षकबाट रकम जम्माकर्ता उज्जल निर्माण सेवालाई भुक्तानी दिने ।

८. यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत जन स्वास्थ्य निरीक्षक पदमा कार्यरत श्री विजय रखाली (क.सं.नं. २०५७५६) ले चिकित्सा शिक्षा आयोगद्वारा लिइएको मिति

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

२०८१/१०/२७ गते एकिकृत प्रवेश परीक्षामा चिकित्सा शास्त्र अन्तर्गत स्नातकोत्तर तहको Master of Public Health (MPH) विषयमा सरकारी कोटाबाट नाम निकाल्न सफल भई अध्ययनका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना हुने भएकाले निजको अध्ययन अवधिभर २०८२/०१/२३ गतेदेखि २०८४/०१/२२ सम्म तलबी अध्ययन बिदाका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

९. इलाका प्रशासन कार्यालय, कोहलपुर, बाँकेको च.नं. ११८५ मिति २०८१/०७/२१ को पत्र मार्फत उक्त कार्यालयको बा.१झ. ७६५८ नं. को सवारी साधन मर्मतका लागि आर्थिक सहयोग माग भई आएकोमा उक्त सवारी साधन मर्मत वापत सि.नं. ४३ विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.२५,२८८।- भूक्तानी दिने।

१०. नरैनापुर गाउँपालिका ४ नं. वडा कार्यालयको मिति २०८१/१२/०७ गतेको प्राप्त पत्रानुसार उक्त वडाको जयरामपुर्वा गाउँमा मिति २०८१/१२/११ गतेको आगलागीबाट १७ घरपरिवारको घरमा रहेको खाद्यान्न, भाडावर्तन, लत्ताकपडा र नगद जिन्सी सामाग्री समेत जलेर नष्ट भएकाले राहत वितरणका लागि विपद व्यवस्थापन कोष शिर्षकबाट रु. १,८७,०००/- (अक्षरुपि एक लाख सतासि हजार) बराबरको राहत सामाग्री उपलब्ध गराउने ।

११. श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, कोहलपुर १३, सिमरी, बाँकेको मिति २०८१/१२/०५ को पत्रानुसार उक्त विद्यालयमा पक्की पर्खाल निर्माणका लागि प्रदेश सरकारबाट बजेट प्राप्त भएकाले विद्यालयले घेरबार गरेको तारजाली हटाउनका लागि अनुमती माग भई आएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय एवं १३ वडा कार्यालयको सिफारिस समेत प्राप्त भएकाले उक्त विद्यालयले घेरबार गरेको तारजाली नियमानुसार हटाउन अनुमती प्रदान गर्ने ।

१२. यस नगरपालिकाको प्रशासनिक भवन निर्माण लागी ठेक्का नं. BANKE/KOMUN/W/NCB-14/2078/089 बमोजिम ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेकोमा निर्माण व्यवसायी एसोसियट/जय भवानी/रन्जितकार जे भि, कोहलपुर ११ बाट म्याद थपका लागि निवेदन पेश भएकोमा उक्त भवन निर्माणको म्याद २०८२ असार मसान्तसम्म थप गर्ने।

१३. कोहलपुर न.पा. ११ स्थित नयाँ बसपार्क स्थित सार्बजनिक शौचालयका लागी प्रयोग हुँदै आएको समरसिबल पम्पको मिटर बक्स र ३ वटा सव मिटर मर्मत गरे वापत भुक्तानीका लागि फेसबुक मल्टी सर्भिसेज प्रा.लि. नेपालगञ्ज, बाँकेबाट निवेदन पेश भएकोमा स्थलगत

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

अनुगमनबाट सिफारिस भए अनुसार भैपरी आउने चालु शीर्षकबाट रु.९,५५०।– भुक्तानी दिने ।

१४. कोहलपुर नगरपालिका वडा नं. ७ स्थित ने.रा.आ.वि. लखनावार को विद्यालय परिसरमा माटो पटान कार्यका लागि क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट रु ४(चार) लाख उपलब्ध गराउने ।

१५. कोहलपुर नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौंको समन्वयमा सञ्चालित आँखा स्क्रिनिङ शिविर र आँखा अपरेशन(मोतिबिन्दु) शिविरमा खर्च भएको रकम रु.४,००,०६०।– को भुक्तानी बजेट पुस्तिकाको सि.नं. ४५३ निजी अस्पताल र संघसंस्थाको साझेदारीमा स्वास्थ्य शिविर सञ्चालन शीर्षकबाट रु.३,५०,०००।– र बाँकी रकम रु.५०,०६०।- भैपरी आउने चालु खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

१६. सशर्त बजेट तर्फ आमा सुरक्षा कार्यक्रमका लागि न्यानो झोला खरिदमा अपुग भएको रकम पछी शोधभर्ना हुने गरी हाल बजेट पुस्तिकाको निशर्त स्वास्थ्य तर्फको पेज नं. १९६ सि.नं. ४६२ विपन्न असहाय वर्गलाई रक्तदानको लागि सहयोग कार्यक्रम रु.२,००,०००।- र पेज नं. १९६ सि.नं. ४५८ को महिला स्वास्थ्य स्वयंसेविकाको यातायात खर्च शीर्षकबाट रु.२,८७,८५०।– गरी उक्त न्यानो झोला खरिद कार्यको भुक्तानी वापत सनबिन हेल्थकेयर प्रोडक्ट प्रा.लि., बुद्धनगर, काठमाडौंलाई रु.४,८७,८५०।- दिने।

१७. यस नगरपालिका अन्तर्गत वडा नं. ७ को अव्यवस्थित बसोबासी भूमिहिन सुकुम्बासी र दलित भुमिहिनहरुको तपसिलको विवरण बमोजिम जग्गा नापजाँचको लागि राष्ट्रिय भूमि समस्या समाधान आयोग जिल्ला समिति, बाँकेमा सिफारिस गर्ने ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | अव्यवस्थित बसोबासी | ७०९ |
| २ | भूमिहिन सुकुम्बासी | ७५ |
| ३ | दलित भूमिहिन | ६५ |
| | जम्मा | ८४९ |

१८. कोहलपुर डिजिटाइजेसन अन्तर्गत पालिकाले आफ्नै Optical fiber बिछ्याई इन्टरनेट सेवा सुचारु भईरहेकोमा इन्टरनेट, फाइबर, नेटवर्क एवं कम्प्युटर हार्डवेयर सम्बन्धी कामकाज

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

समेत गर्नका लागि एक जना प्राविधिक कर्मचारी सहायक चौथो तह सरह पारिश्रमिक पाउने गरी दैनिक ज्यालादारीमा कामकाज गराउने ।

१९. आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको सि.नं. ७२४ र ७३३ मा विनियोजित रकममा २० प्रतिशत थप गरी ठेक्का आह्वान गर्ने र अपुग हुने रकम नगरपालिकाको समपुरक कोषबाट व्यहोर्ने।

२०. भूमि समस्या समाधान आयोग, जिल्ला समिति बाँकेबाट खटिएर आएका र साविकमा कार्यरत अमिन सहित ६ जना प्राविधिकले सबै वडाहरुको नाप जाँच, नक्सा र फिल्ड बुक चेक जाँच कार्य यसै आ.व. भित्र सम्पन्न गर्न कठिन देखिएकाले भूमि समस्या समाधान समितिको २०८१ चैत्र ५ गतेको निर्णय बमोजिम तपशिलमा उल्लेख भएका अमिनलाई ज्यालादारीमा राख्ने।

तपशिलः

क. शिशिर देबकोटा

ख. गंगाराम पुन

ग. निरज मल्ल

२१. कोहलपुर नगरपालिकाका सडक तथा अन्य स्थानहरु नियमित रुपमा सरसफाई गर्न यस कार्यालयमा रहेका सरसफाईकर्मिहरु कार्यचापका आधारमा अपुग हुन गएकोले तपशिल बमोजिमका सरसफाईकर्मिहरु दैनिक ज्यालदारीमा राख्ने।

तपशिलः

क. मोहर कुमारी थारु, कोहलपुर नगरपालिका वडा नं १०

ख. मिना देवि भाट, कोहलपुर नगरपालिका वडा नं ५

ग. शेर खान, कोहलपुर नगरपालिका वडा नं ४

घ. मनिषा गिरी, कोहलपुर नगरपालिका वडा नं २

ङ. प्रपाल थारु, कोहलपुर नगरपालिका वडा नं. ११

२२. यस नगरपालिका अन्तर्गत करारमा कार्यरत विभिन्न कर्मचारीहरुले व्यक्तिगत कारण देखाई पेश गरेको राजिनामा स्वीकृत भएकोमा यस नगरपालिकाको नगर अस्पतालको दरबन्दी तेरिज बमोजिम रिक्त मेडिकल अधिकृत (अधिकृतस्तर आठौं तह) पद संख्या १ करार सेवामा कोहलपुर नगरपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ एवं प्रचलित कानून बमोजिम हुने गरी पदपूर्ति गर्ने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

२३. यस नगरपालिकामा कार्यालयको कामकाजको चाप अत्यधिक रुपमा बढ्दो क्रममा रहेको हुँदा हाल कार्यरत कम्प्युटर अपरेटरद्वारा सम्पूर्ण कार्य सम्पन्न गर्न कठिन देखिएकाले १(एक) जना कम्प्युटर अपरेटर(सहायक पाँचौ) नगर कार्यपालिकाको कार्यालयका लागि र नगर अस्पतालबाट बिमा कार्यक्रम समेत सञ्चालनमा रहेकोमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनका लागि १(एक) जना सहायक कम्प्युटर अपरेटर (सहायक चौथों) कोहलपुर नगरपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ एवं प्रचलित कानून बमोजिम हुने गरी करार सेवामा पदपूर्ति गर्ने ।

२४. यस नगरपालिकामा आर्थिक सहायता माग भई प्राप्त निवेदन उपर छलफल हुँदा कोहलपुर नगरपालिका वडा नं ७ बस्ने सुरेन्द्र थारुको आर्थिक अवस्था अत्यन्त कमजोर भएको देखिन आएकाले निजलाई औषधि उपचारको लागि रु.२०,०००।(बिस हजार रुपैयाँ) आर्थिक सहायता उपलब्ध गराउने ।

२५. कोहलपुर नगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) निर्माणका लागि विशेष प्राविधिक दक्षता आवश्यक पर्ने भएकाले परामर्शदाता छनौट गरि प्रक्रिया अगाडी बढाउन निर्देशन दिने ।

२६. मिति २०८१/११/१५ गते देखि ऐ. २० गतेसम्म सञ्चालित "तेस्रो संस्करण स्वर्गीय विरेन्द्र शाही स्मृती खुल्ला क्लव स्तरीय २०-२० क्रिकेट प्रतियोगिताको लागी युनाईटेड भिजन क्रिकेट क्लव बाट आर्थिक सहयोग माग भई आए बमोजिम खेलकुद प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रकम रु. ५१,०००।- (अक्षरुपी एकाउन्न हजार) भुक्तानी दिने ।

२७. दलित उत्थान मुक्ति समाज, कोहलपुर न.पा. १ ले दलित समुदायको नेतृत्व विकास तथा अन्तर जातीय विवाह सम्बन्धी समस्या तथा कठिनाई सम्बन्धी सचेतना कार्यक्रमका लागि कार्ययोजना सहित प्रस्तावना पेश भएकोमा उक्त कार्यक्रमका लागि सि.नं. ४३ विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.१(एक) लाख उपलब्ध गराउने ।

२८. जिल्ला सहकारी संघ लिमिटेड, बाँकेले ६८ औं राष्ट्रिय सहकारी दिवस मनाउने क्रममा ससाहव्यापी कार्यक्रम संचालनका लागि आर्थिक सहयोग माग भई पत्र प्राप्त भएकोमा सि.नं.

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

४३ विभिन्न (सरकारी तथा गैर सरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.२५,०००।– उपलब्ध गराउने ।

२९. आ.व. २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको सि.नं. १०३ बाट तपशिलका योजनाहरुलाई भुक्तानी दिने ।

तपशिलः

| सि.नं. | योजनाको नाम | बजेट |
|---|---|---|
| १ | गुञ्जेश्वरी श्रेष्ठको घरदेखि पुर्व तर्फ अधुरो नाली निर्माण तथा बाटो स्तरोन्नति | २ लाख |
| २ | कृष्ण रोकायाको घर देखी टिका विष्टको घर सम्म बाटो स्तरोन्नति | ६ लाख |
| ३ | विर्ख बहादुर रावतको घर देखि हिमकर्ण रेग्मिको घर सम्म पक्कि नाली निर्माण | ६ लाख |

३०. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान आसपासको क्षेत्रमा कोहलपुर नगर विकास समितिको नाममा रहेको जग्गामा विगत केही समयदेखि अनाधिकृतरुपमा अतिक्रमण गरी केही व्यक्तिहरुले आफूखुसी संरचना निर्माण गरी प्रयोग गरिरहेकोमा अतिक्रमित संरचना हटाई खाली गर्नका लागि पटक पटक सूचना प्रकाशन गरिएको एवं उक्त अनाधिकृत संरचनाहरु हटाउनका आवश्यक समन्वय गरिदिनु हुन यस अघि पनि पत्राचार गरिएकोमा हालसम्म पनि उक्त अतिक्रमित क्षेत्र खाली नभएकाले उक्त स्थानको अतिक्रमित संरचना हटाउनका लागि आवश्यक समन्वय गरिदिनु हुन जिल्ला प्रशासन कार्यालय, बाँकेमा पुनः पत्राचार गर्ने ।

३१. नेपालीहरुको नयाँ वर्ष २०८२ को उपलक्ष्यमा बृहत सांस्कृतिक कार्यक्रम आयोजना गर्नका लागि आर्थिक सहयोग माग भई आएकोमा बाँके स्वयंसेवी समाज, नेपाललाई सि.नं. २९ धर्म कला संस्कृति संरक्षण कार्यक्रम शीर्षकबाट रु.५१,०००।– उपलब्ध गराउने ।

३२. यातायात कार्यालय, कोहलपुर शाखाले कार्यालय व्यवस्थापनका लागि पि.फर्म, कार्पेट, पर्दा लगायतका सामाग्रीहरु माग गरेकोमा सो कार्यालय व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरु खरिद गरे वापत कार्यालयको मसलन्द सामाग्री शिर्षकबाट रु.३३,५५५।– भुक्तानी दिने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्या: ५४, २०७९-२०८४
मिति २०८१/१२/१५ को
निर्णय प्रमाणित ...............

३३. थारु कल्याणकारी सभा, बाँकेको थारु सम्मेलन कार्यक्रमका लागि कुर्ची, टेन्ट, साउण्ड सिस्टम लगायतका समाग्री उपलब्ध गराए वापत बिनोद लाईट एण्ड टेण्ट हाउसलाई भैपरी आउने चालु खर्च शीर्षकबाट रु.४५,०००।– भुक्तानी दिने ।

३४. कोहलपुर नगरपालिका वडा नं. १० राधा प्रतिक्षालयदेखि पश्चिम वरको बोट जाने पक्की सडक थोपा सिचाईको गोदाम घरदेखि उत्तर जाने बाटोमा माटो पटान तथा ग्राभेल एवं ह्युमपाइप जोडान भएको स्थानमा सडक मर्मत कार्यका लागि भैपरी आउने पुँजिगत शीर्षकबाट रु.१,३०,०००।– भुक्तानी दिने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख